\

सानीभेरी गाउँपालिका रुकुम(पश्चिम), विपद व्यवस्थापन समितिको मिति २०७८।०१।०९ गतेको बैठकका निर्णयहरु:

1. कोभिड-१९ को प्रभाव बारे स्वास्थ्य सयोंजक श्री छविलाल के.सी. बाट संक्षिप्त रुपमा रिपोटिङ गरियो ।
2. कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि आधारभूत स्वास्थ्य सामग्रीहरु खरिद गर्ने ।
3. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनले जारी गरेको कोभिड-१९ सँग सम्बन्धित आचार सहिंताहरुको पूर्णरुपमा पालना गर्ने गराउने ।
4. कोभिड-१९ प्रभावित विदेश र जिल्ला बाहिरबाट फर्कने नागरिकलाई सम्पर्कमा लाई निगरानी तथा होम क्वारेन्टाईनमा कम्तिमा १० दिन बस्न लगाउने ।
5. गाउँपालिका अन्तर्गत सबै वडाहरुमा होम क्वारेन्टाईन तथा होम आईसोलेसन बसेका व्यक्तिहरुलाई निगरानी राख्ने साथै स्वास्थ्य जाँचको व्यवस्था गर्ने ।
6. गाउँपालिका अन्तर्गत सबै वडाहरुमा क्वारेन्टाईन तथा होम आईसोलेसनमा बसेका व्यक्तिहरुलाई परामर्श दिन साथै आवश्यक उपचार गर्नका लागि सम्वन्धित स्वास्थ्य संस्था इन्चार्जलाई सम्पर्क व्यक्ति (Focal Person) तोक्ने ।
7. शहिद स्मृति भवन छोटेबगरलाई अस्थायी कोभिड-१९ अस्पताल तथा आईसोलेसन वार्डको रुपमा विकास गर्ने साथै यसको तयारीका लागि तपशिल बमोजिमको समिति गठन गर्ने ।

   तपशिलः

   श्री भूपाल सिं विष्ट ---- सयोंजक
   श्री छविलाल के.सी ---- सदस्य
   श्री नरेन्द्र बिष्ट ---- सदस्य
   श्री मिनाराम के.सी ---- सदस्य
   श्री गणेश खड्का ---- सदस्य सचिव
8. कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि जनप्रतिनिधि, कर्मचारीहरु, शिक्षकहरु, सुरक्षाकर्मी ,बुद्धिजिवी लगायत युवा जनशक्तिलाई परिचालन् गर्ने ।

भूपाल सिं विष्ट
नि.प्रमुख प्रशासकीय अधिकृत

9 विदेश र जिल्ला बाहिरबाट फर्कने नागरिकलाई जोखिमका आधारमा वर्गीकरण गरी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

तपशिलः

I. भारत बाट आएका व्यक्तिलाई **RED ZONE** मा राख्ने ।

II. बाँकि लगायत तराईका जिल्ला जोखिमयुक्त जिल्लाबाट आएका व्यक्तिलाई **YELLOW ZONE**मा राख्ने ।

III. जोखिम कम भएका पहाडी जिल्लाबाट आएका व्यक्ति तथा विद्यार्थीलाई सम्बन्धित वडा तथा स्वास्थ्य संस्थाको निगरानीमा राख्ने ।

10 सानीभेरी गाउँपालिका अन्तर्गत सबै वडाहरुमा कोभिड-१९ पोजेटिभ केसको व्यवस्थापन गर्न तथा यस सम्बन्धि विविध कार्यका लागि प्रत्येक वडाका स्वास्थ्य संस्था इञ्चार्जलाई Focal Person तोक्ने ।

11 सानीभेरी गाउँपालिका भित्र समाजमा हुने विभिन्न सभा, समारोह ,भेला ,विवाह ,मृत्यु संस्कार, शुद्धि कार्य आदिमा २५ जना भन्दा बढी संख्यामा भिडभाड हुन नदिई स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरि मात्र कार्यक्रम सञ्चालन गर्ने ।

भूपाल सिं विष्ट
प्रमुख प्रशासकीय अधिकृत